## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३ (गोदावरी) संख्या : १८ मिति : २०७६/११/०२

**भाग-१**

**गोदावरी नगरपालिका**

**नगर कार्यपालिकाबाट पारित मिति :२०७६/१०/२९**
**प्रमाणीकरण मिति:२०७६/११/०१**


# गोदावरी नगरपालिकाको स्वास्थ्य नीति, २०७६

### १.पृष्ठभूमि

स्वास्थ्य मानव विकासको महत्वपुर्ण अवयव हो । यसलाई नेपालको संविधानले मौलिक अधिकारको रुपमा आत्मसाथ गरेको छ । यो विषय तिनवटै सरकारहरुको साझा अधिकार सुचिमा उल्लेखित विषय भएकाले समन्वय, सहकार्य एवं सहअस्तित्वको माध्यमबाट मात्र प्रभावकारिताका साथ यो क्षेत्रको विकास गर्न सम्भव छ ।

संवैधानिक कानुनी तथा नीतिगत अधिकारक्षेत्र भित्र रहि नगरवासीको समग्र स्वास्थ्य स्थितिमा सुधार गरी स्वस्थ नागरिक तयार गर्ने उद्देश्यले स्थानिय सरकार र नागरिकको सहकार्यमा योजना तर्जुमा,

गोदावरी नगरपालिका

कार्यान्वयन, अनुगमन र मुल्याकंन गर्न स्थनिय सरकार संचालन ऐन २०७४ को अधिनमा रहि नगर स्वास्थ्य निति २०७६ तयार गरिएको छ ।

## २. विद्यमान स्थिति

गोदावरी नगरपालिका नेपालको सुदुर पश्चिम प्रदेशको कैलाली जिल्लाको मध्य पश्चिम भागमा अवस्थित छ । यस नगरपालिकाको कुल क्षेत्रफल ३०८.६० वर्ग किलोमिटर रहेकोछ । यस नगरपालिकाको हावापानी उष्ण देखि समशितोष्ण किसिमको रहेकोछ । यस नगरपालिकाको कुल जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ७८,०१८ (पुरुषः ३६६४२ तथा महिला ४१३७६) रहेको छ र आ.व २०७३/७४ सम्म यो संख्या ९०१३० पुगेको अनुमान छ । यस नगरपालिकामा १४९१६ घरधुरी रहेकाछन् । पाँच बर्षमुनिका बालबालिकाको जनसंख्या ९३२२ रहेको छ । यस नगरपालिकामा प्रजनन उमेर समुहका महिलाहरूको संख्या २६१६३ छ भने यस मध्ये विवाहित महिलाहरूको संख्या १९५४८ रहेको छ । यस नगरपालिकामा प्रत्येक वर्ष करीब २३८२ जना महिलाहरू गर्भवती हुने गर्दछन् एवं करीब २०१९ बच्चाहरू हरेक बर्ष जन्मिने गर्दछन् । ६० वर्ष भन्दा माथिका नागरिकको संख्या ७,९३१ अनुमान गरिएकोछ । यस नगरपालिकामा अपाङ्गहरुको संख्या १०८१ रहेकोछ ।

यस नगरपालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरु रहेकाछन् । नगर पालिका भित्रका स्वास्थ्य संस्थाहरुको बिश्लेषण गर्दा वडा नं १, २ र ६ मा कुनै पनि सरकारी स्वास्थ्य संस्थाहरू रहेका छैनन् ।

## ३. प्रमुख समस्या तथा चुनौतीहरू

### ३.१.प्रमुख समस्याहरू

- नगरपालिकाको सबै वडाहरुबाट स्वास्थ्य सेवा प्रवाह हुन सकेको छैन ।
- नगरपालिका भित्र बसोबास गर्ने सबै क्षेत्र, तह, वर्ग तथा समुदायका नागरिकका लागि गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुग्न सकेको छैन ।
- स्वास्थ्य सेवाहरूको तथ्याङ्कको विश्वसनीयता र गुणस्तरमा एकरुपता ल्याई तथ्यमा आधारित स्वास्थ्य कार्यक्रम तथा योजना तर्जूमा र अनुगमन मूल्यांकनको पूर्ण रुपमा अभ्यास गर्न सकिएको छैन ।

- नसर्ने रोगहरू बढ्दो क्रममा रहेको छ ।
- मानसिक रोग, आत्महत्या बढ्दो क्रममा रहेको छ ।
- सडक दुर्घटना तथा चोटपटकबाट हुने मृत्युको संख्या बढ्दो क्रममा रहेको छ ।
- धुम्रपान, मद्यपान तथा अन्य लागु पदार्थको प्रयोग बढिरहेको पाइएको छ ।
- प्रभावकारी नियमनको अभावमा गैरसरकारी र निजी स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाहरूको तथ्याङ्क नियमित रुपमा उपलब्ध हुन सकेको छैन ।

### ३.२. प्रमुख चुनौतीहरू

- प्रवर्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवाका विषयहरुमा यथेष्ट कार्यक्रमहरु तथा रणनितिहरुको अभावमा स्वास्थ्य शिक्षा, पोषण, मातृशिशु स्वास्थ्य, सरसफाई, स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन, मौसमी, संक्रामक तथा नसर्ने रोगहरु, सडक दुर्घटना, आत्महत्या एवं लागुपदार्थ सेवन लगायतका मानसिक स्वास्थ्य समस्या हरुको समस्या बढिरहेको छ । यसका साथै स्वास्थ्य क्षेत्रको प्राकृतिक प्रकोप, महामारी तथा विपत व्यवस्थापन पुर्वतयारीमा पनि चुनौति छ ।
- उपचारात्मक स्वास्थ्य क्षेत्रमा यस नगरपालिकामा हाल विशेषज्ञ तथा दक्ष चिकित्सकहरुको अभाव छ, स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्दा विशेषत आर्थिक रुपले कमजोर सेवाग्राहिहरुमा उपचारात्मक सेवा लिन कठिनाई भइरहेको छ ।
- स्वास्थ्य सम्बन्धी ऐन, नियम, नीति, रणनीति, निर्देशिका र कार्य योजनाको अभाव ।
- नयाँ स्थापना भएका स्वास्थ्य संस्थाहरुको स्तरोन्नति एवं कर्मचारी व्यवस्थापन तथा तथ्यमा आधारीत योजना निर्माण एवं स्वास्थ्य क्षेत्रको समग्र विकासको लागी यथेष्ट बजेट नहुनु ।

## ४. स्वास्थ्य नीतिका आधारहरु

गोदावरी नगरपालिकाको प्रस्तुत स्वास्थ्य नीति नेपालको संविधानको धारा ५७ को अनुसुचि ८, जनस्वास्थ्य ऐन २०७५, तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ का आधारमा तयार गरिएको छ। यसका साथै अन्तर्राष्ट्रिय प्रतिबद्धता, दिगो विकासका लक्ष्यहरु, विभिन्न राष्ट्रिय दस्तावेजहरू तथा निर्देशिकाहरूको प्रावधानहरु लाई समेत आधारको रुपमा राखिएको छ ।[अनुसूची १]

**यस नीतिका निर्देशक सिद्धान्तहरू निम्न अनुसार रहेका छन् ।**

- नेपालको संविधान अनुरुप सहकार्य, सह अस्तित्व तथा समन्वयको सिद्धान्त अवलम्बन गर्ने ।
- दिगो विकास लक्ष्य बमोजिम "कसैलाई पनि पछाडि नछुटाउ" सिद्धान्तको अनुसरण गर्ने ।
- मौलिक अधिकारको रुपमा रहेको गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।
- स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण गर्ने ।,
- सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुनर्स्थापनका लागि बहुक्षेत्रीय साझेदारी तथा सहकार्य गर्ने ।
- स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायको समता मूलक पहुँच सुनिश्चित गर्ने तथा
- स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हकको सुनिश्चितता गर्ने ।

**५ स्वास्थ्य नीतिको दीर्घकालीन सोच**

गोदावरी नगरपालिकामा बसोबास गर्ने सम्पूर्ण नगरवासीहरू शारीरिक, मानसिक, आध्यात्मिक सामाजिक, वातावरणीय स्वास्थ्य र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय एवं सुखपुर्ण जीवन यापन गर्न सक्षम हुनेछन् ।

**६. ध्येय**

उपलब्ध साधन श्रोतको अधिकतम परिचालन गरी सहकार्य, समन्वय र संस्थागत सहअस्तित्वका माध्यमबाट सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय गरी नागरिकहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चितताको महशुश गराउनु ।

**७. लक्ष्य**

गोदावरी नगरपालिका

नागरिक-मैत्री स्वास्थ्य संरचना मार्फत नगरवासीहरूलाई छिटो, छरितो, गुणस्तरीय तथा आधुनिक स्वास्थ्य सेवामा सरल एवं सहज पहुँच सुनिश्चितता गरी आम नागरिकको स्वास्थ्य सुरक्षा कायम गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

## ८. उद्देश्यहरू

यस नीतिका मुख्य उद्देश्यहरू निम्न रहेका छन् ।

८.१ नेपालको संविधानमा मौलिक अधिकारको रूपमा उल्लेख भएको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा सम्पूर्ण नगरवासीलाई निःशुल्क उपलब्ध गराउने ।

८.२ आधारभूत स्वास्थ्य सेवा बाहेक विशेष उपचारात्मक स्वास्थ्य सेवाहरूमा आम नागरिकहरूको स्वास्थ्य बिमा कार्यक्रम मार्फत पहुँच बढाउने ।

८.३ स्वास्थ्य सेवा प्रवाहमा निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाई संस्थागत सुधार र सहकार्यमा लाभ-लागत सिद्धान्तको अवलम्बन गर्ने ।

८.४ नगरपालिकाको स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै सुशासन कायम गर्ने ।

## ९. नगर स्वास्थ्य नीतिहरू

**उद्देश्य ८.१ संग सम्बन्धितः**

९.१ आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा सबै नगरबासीहरूको पहुँच सुनिश्चित गरिनेछ ।

९.२ स्वास्थ्य संस्थाहरूमा भवन, औषधि, उपकरण तथा औजारहरूको उपलब्धता एवं मर्मत संभार सुनिश्चित गरिनेछ ।

९.३ खोप, सुरक्षित मातृत्व, पोषण तथा परिवार नियोजन सेवाहरुलाई प्राथमिकता साथ उपलब्ध गराइनेछ ।

गोदावरी नगरपालिका

९.४ सरुवा रोगहरूको समयमै पहिचान गरी नियन्त्रण गर्न अनुसन्धान तथा जन स्वास्थ्य निगरानीलाई सुदृढ गरिनेछ ।

९.५ नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन गर्न आवश्यक कार्य गरिनेछ ।

९.६ आकस्मिक सेवाको लागि सबै वार्डहरूमा एम्बुलेन्स सेवाको पहुँच पुर्‍याइनेछ ।

**उद्देश्य ८.२ संग सम्बन्धित:**

९.७ नगरपालिकामा स्वास्थ्य बिमा कार्यक्रमको प्रवर्धन गरिनेछ ।

**उद्देश्य ८.३ संग सम्बन्धित:**

९.८ नगर स्वास्थ्य नीतिको कार्यान्वयनको लागि आवश्यक श्रोत र साधनहरूको समुचित व्यवस्था गरिनेछ ।

९.९ विशेषज्ञ तथा प्रेषण सेवालाई सहयोग तथा सहकार्यको माध्यमबाट प्रभावकारी बनाइनेछ ।

९.१०. नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरू तथा अन्य गैर सरकारी र निजी स्वास्थ्य संस्थाहरू बाट समन्वय तथा सहकार्यको ढांचामा सेवा प्रवाह गरिनेछ ।

९.११ स्वास्थ्य सेवा सूचना प्रणालीलाई विद्युतीय माध्यमबाट प्रतिवेदन गर्ने, विश्लेषण तथा अन्य सुचना प्रणालिहरुसंग अन्त:क्रियात्मक हुने गरी विकास गर्ने व्यवस्था मिलाइनेछ ।

**उद्देश्य ८.४ संग सम्बन्धित:**

९.१२. स्वास्थ्य कर्मीहरूको दक्षता अभिबृद्धि गर्न नगरपालिका आफैंले कार्यकहरु संचालन गर्नेछ साथै प्रदेश र संघिय सरकारसंग सहकार्य गरिनेछ ।

९.१३ आपतकालीन स्वास्थ्य, प्रकोप तथा महामारी नियन्त्रण र सीमा वारपार सरुवारोग नियन्त्रण गर्नको लागि सहकार्य गरी कार्यान्वयन गरिनेछ

गोदावरी नगरपालिका

९.१४ स्वास्थ्य सेवालाई नगरपालिकाको सामाजिक विकासको सूचकको रुपमा राखिने छ।

९.१५ नगरपालिकाको स्वास्थ्य क्षेत्रमा सरकारी, निजी, गैर सरकारी एवं अन्य स्थानिय सरकारहरूसंग सह-अस्तित्व, समन्वय, तथा सहकार्यको आधारमा सेवाको व्यवस्थापन तथा नियमन गरिनेछ।

९.१६ स्वास्थ्यजन्य फोहोरमैलाको एकिकृत व्यवस्थापन गरिनेछ।

९.१७ सडक सुरक्षालाई प्रभावकारी बनाउने कार्य गरिनेछ।

गोदावरी नगरपालिका

## १०. रणनीतिहरू

**नीति १ आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवामा सबै नगरबासी नागरिकहरूको पहुँच सुनिश्चित गरिनेछ ।**

**रणनीतिहरू**

**१०.१.१** नगरपालिकाका प्रत्येक वडामा एउटा स्वास्थ्य संस्था रहनेछ ।

**१०.१.२** प्रत्येक स्वास्थ्य संस्थाबाट तोकिएको प्रवर्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

**१०.१.३** गरीव तथा सिमान्तीकृत नागरिकहरुको लागि आधारभूत स्वास्थ्य सेवामा पहुंच बढाउन विशेष  कार्यक्रम संचालन गरिनेछ ।

**१०.१.४** आवश्यकता अनुसार गाउं घर क्लिनिक तथा खोप क्लिनिकहरु व्यवस्थापन गरिनेछ ।

**नीति २ स्वास्थ्य संस्थाहरूमा भवन, औषधि, उपकरण तथा औजारहरूको उपलब्धता एवं मर्मत संभार सुनिश्चित गरिनेछ ।**

**रणनीतिहरू**

**१०.२.१** नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा भवन तथा अन्य संसचनाहरुको निर्माण, मर्मतसंभारएवं स्तरोन्नतिका लागी आवश्यक व्यवस्था गरिनेछ ।

**१०.२.२** नगरपालिकामा औषधि, उपकरण तथा औजारहरूको भण्डारण क्षमता बढाइनेछ ।

**१०.२.३** स्वास्थ्य संस्थाहरूमा रहेका औजार तथा उपकरणहरुको सूची तयार गरी उपलब्ध सेवा अनुसार थप मात्रामा उपलब्ध गराइनेछ ।

**१०.२.४** आवश्यक औषधिहरुको वार्षिक खपत अनुमान गरी सोही अनुसार खरीद गरी स्वास्थ्य संस्थाहरूलाई उपलब्ध गराइनेछ ।

**१०.२.५** औषधिको विवेकपूर्ण प्रयोगलाई प्रवर्धन गरिनेछ ।

गोदावरी नगरपालिका

***नीति ३*** **खोप, सुरक्षित मातृत्व, पोषण तथा परिवार नियोजन सेवालाई प्राथमिकता साथ उपलब्ध गराइनेछ ।**

**रणनीतिहरू**

**१०.३.१** खोप सेवालाई प्राथमिकता दिइ संचालन गरिनेछ ।

**१०.३.२** सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

**१०.३.३** पोषण कार्यक्रमलाई प्राथमिकता दिइ संचालन गरिनेछ ।

**१०.३.४** परिवार नियोजन कार्यक्रमलाई प्राथमिकता दिइ संचालन गरिनेछ ।

**नीति ४ सरुवा रोगहरूको समयमै पहिचान गरी नियन्त्रण गर्न अनुसन्धान तथा जन स्वास्थ्य निगरानीलाई सुदृढ गरिनेछ ।**

**रणनीतिहरू**

**१०.४.१** जन स्वास्थ्य निगरानीलाई संघिय तथा प्रदेशसंग सरकारको सहकार्यमा समय सापेक्ष रुपमा सबलीकरण तथा अद्यावधिक गर्दै लगिनेछ ।

**१०.४.२** सरुवा रोगहरुका बारेमा आंकलन तथा अनुसन्धान गर्न प्रदेश तथा संघिय सरकार संगको सहकार्यमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

**१०.४.३** सरुवा रोगहरुबारे अनुसन्धान गर्न प्रदेश,संघिय तथा शिक्षण अस्पतालहरु सहकार्य गरिनेछ ।

**नीति ५. नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन गर्न आवश्यक कार्य गरिनेछ ।**

**रणनीतिहरू**

**१०.५.१** नसर्ने रोगहरु विशेष गरी उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मानसिक रोगहरु रोकथामको लागि शैक्षिक तथा गैर सरकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

**१०.५.२** नगरस्तरमा आत्महत्या, लागु पदार्थको प्रयोग जस्ता समस्याको कारण पहिचान गरी रोकथामका लागी बिशेष कार्यक्रम गरिनेछ ।

गोदावरी नगरपालिका

**१०.५.३** नसर्ने रोगहरुको समस्याबारे प्रदेश तथा संघको सहकार्यमा रोगभार अध्ययन गरिनेछ ।

**१०.५.४** आधुनिक, आयुर्वेद तथा वैकल्पिक पद्धतिहरुको प्रयोग गरी नसर्ने रोगहरुको व्यवस्थापन गरिनेछ ।

**१०.५.५** नसर्ने रोगहरुको रोकथाम एवं स्वस्थ जीवनशैलिका लागि व्यायाम, योग अभ्यास, खेलकुद तथा चेतनामुलक कार्यक्रमहरुको प्रवर्धन गरिनेछ ।

**नीति ६ आकस्मिक सेवाको लागि सबै वार्डहरूमा एम्बुलेन्स सेवाको पहुँच पुर्‍याइनेछ ।**

**रणनीतिहरू**

**१०.६.१** सबै वार्डहरुमा एम्बुलेन्स सेवाको पहुंच तथा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

**१०.६.२** गर्भवती तथा जेष्ठ नागरिकहरुलाई आकश्मिक एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराइनेछ।

**१०.६.३** नगर पालिकाभित्र रहेका सबै एम्बुलेन्सहरुलाई समन्वय गरी परिचालन गरिनेछ ।

**नीति ७ नगरपालिकामा स्वास्थ्य बिमा कार्यक्रमको प्रवर्धन गरिनेछ ।**

**रणनीतिहरू**

**१०.७.१** नगर पालिकाभित्र बसोबास गर्ने सबै नागरिकहरुलाई स्वास्थ्य बिमामा आवद्ध गराइनेछ ।

**१०.७.२** नगर पालिकाभित्र बसोबास गर्ने सबै विमित नागरिकहरुलाई आवद्धता तथा नविकरण बापत लाग्ने रकममा नगर पालिकाको तर्फबाट सहुलियत प्रदान गरिनेछ ।

**१०.७.३** असहाय व्यक्तिहरू तथा जेष्ठ नागरिकको लागि नगरपालिकाको तर्फबाट थप स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

**१०.७.४** विशेषज्ञ सेवाको लागी सामुदायीक, गैर सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा सहभागीताको लागी समन्वय गरिनेछ ।

गोदावरी नगरपालिका

**नीति ८ नगर स्वास्थ्य नीतिको कार्यान्वयनको लागि आवश्यक श्रोत र साधनहरूको समुचित व्यवस्था गरिनेछ ।**

**रणनीतिहरू**

**१०.८.१** यस स्वास्थ्य नीतिको कार्यान्वयनको लागि स्वास्थ्य क्षेत्रमा नगर पालिकाको बजेट कमसेकम दश प्रतिशत रहने व्यवस्था मिलाइनेछ ।

**१०.८.२** नगरपालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरुमा मानव श्रोत, औजार तथा उपकरणहरुको सदुपयोग गर्न क्षमता अभिवृद्धि तथा अनुगमन गरिनेछ ।

**१०.८.३** औजार तथा उपकरणहरुको नियमित मर्मतसंभार गर्न जनशक्ति अथवा बाह्य सेवा (outsourcing) को व्यवस्था गरिनेछ ।

**नीति ९ विशेषज्ञ तथा प्रेषण सेवालाई सहयोग तथा सहकार्यको माध्यमबाट प्रभावकारी बनाइनेछ ।**

**रणनीतिहरू**

**१०.९.१** नगरपालिकामा स्थित मालाखेति अस्पतालमा नियमित रुपमा विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.९.२** नगरमा अवस्थित स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा स्तरोन्नति गरिनेछ ।

**१०.९.३** नगर क्षेत्र भित्र निर्माणधीन रहेको शिक्षण अस्पताल तथा अन्य अस्पतालहरुसंग सहकार्य तथा समन्वय गरी सबै किसिमका प्रेषण सेवा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

**१०.९.४** नगरपालिकाका हरेक स्वास्थ्य संस्थाहरुमा निश्चित रोगहरुको प्रेषण गर्न सहज हुने गरी प्रेषण विवरण तयार गरिनेछ ।

**नीति १० नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरू तथा अन्य गैर सरकारी र निजी स्वास्थ्य संस्थाहरू बाट समन्वय तथा सहकार्यको ढांचामा सेवा प्रवाह गरिनेछ ।**

गोदावरी नगरपालिका

**रणनीतिहरू**

**१०.१०.१** नगरपालिकाभित्र संचालनमा रहेका शैक्षिक, बिशिष्टीकृत तथा नीजि स्वास्थ्य संस्थासंग समन्वय तथा सहकार्यको खाका तयार गरी कार्यान्वयन गरिनेछ ।

**१०.१०.२** शैक्षिक, बिशिष्टीकृत तथा नीजि स्वास्थ्य संस्थासंग दोहोरोपना नआउने गरी स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

**नीति ११ स्वास्थ्य सेवा सूचना प्रणालीलाई विद्युतीय माध्यमबाट प्रतिवेदन गर्ने, विश्लेषण तथा अन्य सुचना प्रणालिहरुसंग अन्तःक्रियात्मक हुने गरी विकास गर्ने व्यवस्था मिलाइनेछ ।**

**रणनीतिहरू**

**१०.११.१** नगरपालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरूबाट विद्युतीय रुपमा (e-reporting) गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**१०.११.२** संभव भए सम्म अत्यावश्यक कागजातहरु बाहेक सबै प्रतिवेदनहरु विद्युतीय रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

**१०.११.३** प्राप्त भएका तथ्याङ्कलाई विश्लेषण गरी योजना तर्जुमा तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्न प्रयोग गरिनेछ ।

**१०.१२.३** नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीलाइ अन्य सुचना प्रणालिहरुसंग अन्तःक्रियात्मक हुने गरी विकास गर्ने व्यवस्था मिलाइनेछ ।

**नीति १२. स्वास्थ्य कर्मीहरूको दक्षता अभिबृद्धि गर्न नगरपालिका आफैंले कार्यक्रहरु संचालन गर्नेछ साथै प्रदेश र संघ सरकारसंग सहकार्य गरिनेछ ।**

**रणनीतिहरू**

**१०.१२.१** स्वास्थ्य सेवा निरन्तर रुपमा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको बिकास गरी परिचालन गरिनेछ ।



गोदावरी नगरपालिका

**१०.१२.२** आधारभूत स्वास्थ्य सेवा गुणस्तरीय रुपमा प्रदान गर्न आवश्यक पर्ने सीपका लागि नगरपालिकाबाटै कार्य गर्ने तथा विशिष्टीकृत तालीमका लागि प्रदेश तथा संघ सरकारसंग समन्वय गरिनेछ ।

**१०.१२.३** नगर भित्रका स्वास्थ्य कर्मीहरूको ज्ञान र सीप अद्यावधिक र अभिबृद्धि गर्न विभिन्न निकायसंग समन्वय गरी क्षमता अभिवृद्धि कार्यक्रमहरु गरिनेछ ।

**नीति १३ आपतकालीन स्वास्थ्य, प्रकोप तथा महामारी नियन्त्रण र सीमा वारपार सरुवारोग नियन्त्रण गर्नको लागि सहकार्य गरी कार्यान्वयन गरिनेछ ।**

**रणनीतिहरू**

**१०.१३.१**. आपतकालीन स्वास्थ्य समस्यालाई संबोधन गर्न एउटा अलग्गै कोषको व्यवस्था गरी संचालन गरिनेछ ।

**१०.१३.२** महामारी नियन्त्रणकालागि पूर्व तयारी योजना बनाई नियन्त्रणका लागि प्रदेश र संघ संग सहकार्य गरिनेछ ।

**१०.१३.३** सीमा वारपार सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

**नीति १४. स्वास्थ्य सेवालाई नगरपालिकाको सामाजिक विकासको सूचकको रुपमा राखिने छ ।**

**रणनीतिहरू**

१०.१४.१ वार्षिक समीक्षाबाट आएका सूचनाहरुलाई नगर पालिकाको योजना तर्जुमा गर्दा प्रयोग गरिनेछ ।

१०.१४.२ स्वस्थ र सबल नागरिकले आर्थिक कृयाकलापमा बढी योगदान दिन सक्ने अवधारणालाई प्रबर्धन गरिनेछ ।

***नीति १५.*** **नगरपालिकाको स्वास्थ्य क्षेत्रमा सरकारी, निजी, गैर सरकारी एवं अन्य स्थानिय सरकारहरूसंग सह-अस्तित्व, समन्वय, तथा सहकार्यको आधारमा सेवाको व्यवस्थापन तथा नियमन गरिनेछ ।**



गोदावरी नगरपालिका

**रणनीतिहरू**

**१०.१५.१** नगरपालिकाको स्वास्थ्य क्षेत्रमा सरकारी, निजी, गैर सरकारी एवं अन्य स्थानिय सरकारहरूबिच गुणस्तरिय स्वास्थ्य सेवाको लागी साझेदारीको विकास गरिनेछ ।

**१०.१५.२** अन्य गाउंपालिका तथा नगरपालिकाहरूसंघ स्वास्थ्य कार्यक्रमबारे छलफल एवं अन्तक्रिया गरी असल अभ्यासहरुको आदानप्रदान तथा अनुशरण गरिनेछ ।

**१०.१५.३** अन्य गाउंपालिका तथा नगरपालिकाहरूसंघ स्वास्थ्यक्षेत्रका अभियानहरुमा समन्वय तथा सहकार्य गरिनेछ ।

**१०.१५.४** नगरस्तरमा स्वास्थ्य संस्थाहरुको दर्ता, सेवाको अनुगमन, नविकरण तथा स्तरोन्नतिको लागी आवश्यक व्यवस्था गरिनेछ ।

***नीति १६.* स्वास्थ्यजन्य फोहोर मैलाको एकिकृत व्यवस्थापन गरिनेछ ।**

**रणनीतिहरू**

**१०.१६.१** स्वास्थ्यजन्य फोहोर मैलाको उत्पत्ति स्थानमै निर्मलीकरण गरी मात्र बाहिर निकाल्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

**१०.१६.२** स्वास्थ्यजन्य फोहोर मैलाको उत्पत्ति स्थानमै निर्मलीकरण गर्ने, पुनप्रयोग गर्ने एवं नगरको फोहोरमैला व्यवस्थापनसंगै एकिकृत व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ ।

**१०.१६.३** सहकार्यको माध्यमबाट अन्य पालिकासंग पनि स्वास्थ्यजन्य फोहोर मैलाको उचित व्यवस्थापन गर्न कार्य योजना बनाई कार्य गरिनेछ ।

***नीति १७.* सडक सुरक्षालाई प्रभावकारी बनाउने कार्य गरिनेछ ।**

**रणनीतिहरू**

**१०.१७.१** ट्राफिक प्रहरी तथा शैक्षिक संस्थाहरुसंग सहकार्य गर्दै सडक सुरक्षाबारे जन चेतना अभिबृद्धि गरिनेछ ।

गोदावरी नगरपालिका

**१०.१७.२** छाडा चौपाया नियन्त्रणकोलागि कार्य गरिनेछ ।

**१०.१७.३** दुर्घटनामा घाइते भएकाहरुको उपचारको लागि विशेष व्यवस्था मिलाइनेछ ।

गोदावरी नगरपालिका

## परिच्छेद : ३

## संरचनागत व्यवस्था

### ११ स्वास्थ्य गतिविधि संचालन प्रकृया

नगरपालिका अन्तर्गत रहेका सवै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन गरी स्वास्थ्य कार्यक्रमहरुको कार्ययोजना तर्जुमा गरी सरोकारवालाहरुको सक्रिय सहभागितामा कार्यान्वयन गरिने छ ।

### ११.१ नगर स्तरीय स्वास्थ्य संरचनाः

क) गोदावरी नगरपालिकामा रहेको स्वास्थ्य शाखाको क्षमता विकास गरिनेछ ।

ख) वडा स्तरमा स्वास्थ्य सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन गरिनेछ । यी समितिहरूको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

ग) नगरपालिकाको प्रमुखले वडामा रहेका स्वास्थ्य संस्थाहरुको संरक्षकको रुपमा कार्य गर्नेछ ।

घ) यस नीतिले निर्दिष्ट गरेका नीतिगत प्रावधानहरूको व्यवस्थापन तथा कार्यान्वयन गर्न गराउन नगरपालिकाको स्वास्थ्य शाखाले मुख्य जिम्मेवार निकायका रुपमा काम गर्नेछ ।

### ११.२ स्वास्थ्य संस्था व्यवस्थापन समितिको गठन

| | | |
|---|---|---|
| (१) | स्वास्थ्य संस्था रहेको वडाको अध्यक्ष | -अध्यक्ष |
| (२) | अध्यक्षले मनोनीत गरेका एक जना प्रतिनिधि | - उपाध्यक्ष |
| (३) | स्थानीय व्यापार संघको  एक जना प्रतिनिधि | - सदस्य |
| (४) | स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयका प्रमुख र प्राचार्यहरूमध्ये एक जना | - सदस्य |
| (५) | संरक्षकबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार एक जना महिला सहित एक जना वडा कार्यालयको अधिकृत गरी दुई जना | - सदस्य |



गोदावरी नगरपालिका

(६) स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

नोटः *स्वास्थ्य संस्था व्यवस्थापन समितिका मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।*

### ११.३ समितिको कार्य विवरण

- वडामा रहेका स्वास्थ्य संस्था निरन्तर रुपमा संचालन गर्ने व्यवस्था मिलाउने ।
- निर्बाध रुपमा आधारभूत स्वास्थ्य सेवा संचालन हुने व्यवस्था मिलाउने ।
- नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रममा रहेका स्वास्थ्य सम्बन्धी कृयाकलापहरु संचालन गर्ने ।
- जन सहभागिता तथा सहकार्यको माध्यमबाट उपलब्ध सेवाहरुको अधिकतम प्रयोग गर्ने ।

## १२. संस्थागत जिम्मेवारी

यस नगर स्वास्थ्य नीतिको कार्यान्वयन गर्नको लागि अनुसूची ३ र ४ मा दिइएको ढांचा अनुसार कार्य गरिनेछ ।

## १३. समन्वय तथा सहकार्य

नगरपालिकामा रहेका सरकारी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुको कार्यमा सामन्जस्यता ल्याई स्वास्थ्य सूचकहरुमा उल्लेखनीय परिवर्तन गर्न समन्वय, सहकार्य तथा साझेदारीलाई सिद्धान्तका रुपमा लिई निम्नअनुसार कार्य गरिनेछ ।

### १३.१ अस्पताल तथा निजी क्षेत्रसंगको सहकार्य

१३.१.१ नगरपालिका स्थित स्वास्थ्य संस्थाहरूमा नियमित रुपमा नसर्ने रोगको पहिचान (screening) गर्न सेती प्रादेशिक अस्पताल तथा गेटा मेडिकल कलेजसंग आवश्यक सहकार्य गरिनेछ ।

१३.१.२ स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्य संस्थाहरु बीच सहकार्य तथा साझेदारीलाई प्रबर्धन तथा सहजीकरण गरिनेछ ।



गोदावरी नगरपालिका

१३.१.३ नगरपालिका भित्र स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरू बीचमा साझेदारी गरी गुणस्तरीय स्वास्थ्य सेवामा नगरवासीको पहुँच तथा उपलव्धतामा वृद्धि ल्याइनेछ ।

१३.१.४ नगरपालिका भित्र प्रवाह हुने स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न सरकारी तथा गैर सरकारी संस्थाहरूको नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ ।

१३.१.५ स्वास्थ्य सेवा उपभोग गर्दा आउने बाधाहरूलाई न्युन गर्न एम्बुलेन्स सेवा सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र एम्बुलेन्सको भाडामा आवश्यक नियमन गरिनेछ ।

## १३.२ सञ्जाल निर्माण

१३.२.१ आकस्मिक सेवाका लागि एम्बुलेन्स सेवा सञ्चालन गर्न सञ्जाल निर्माण गरी समुदायलाई सेवा प्रवाह गर्न सञ्चार सेवालाई सुधार गरिनेछ ।

१३.२.२ प्रेषण गरिने स्वास्थ्य संस्थाहरू बीच परस्पर सहकार्य तथा समन्वय सुदृढ गरिनेछ ।

## १३.३ प्रदेश तथा संघिय सरकारसंगको सहकार्य

१३.३.१ प्रदेश, अस्पताल तथा मेडिकल कलेजहरु संग विशेषज्ञ सेवाको लागि समन्वय गरी सहकार्य गरिनेछ ।

१३.३.२ सूचीकृत संक्रामक रोगको बिरामी पहिचान भएमा सोको नियन्त्रणका लागि नगरपालिकाले प्रदेश तथा संघिय सरकार अन्तरगतका सम्बन्धित निकायलाई तुरुन्त जानकारी गराउने व्यवस्था मिलाइनेछ ।

१३.३.३ नगरपालिकामा आवश्यक पर्ने कर्मचारी, भौतिक पूर्वाधारको निर्माण, खोप, औषधि तथा उपकरणको नियमित आपुर्ती तथा उपलब्धताको सुनिश्चत गर्न प्रदेश तथा संघिय सरकारसंग नियमित सहकार्य गरिनेछ ।

## १३.४ अन्य स्थानीय सरकारसंगको सहकार्य



गोदावरी नगरपालिका

१३.४.१ गेटा आंखा अस्पतालको सञ्चालन तथा सुदृढीकरणका लागि स्थानीय सरकार, प्रदेश सरकार तथा संघिय सरकारसंग संग सहकार्य गरिनेछ ।

१३.४.२ प्रेषण प्रणालीको सुदृढीकरणका लागि छिमेकी स्थानीय सरकारसंग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

## १४. कानूनी व्यवस्था

संघिय तथा प्रदेश सरकारहरुबाट जारी भएका स्वास्थ्य सम्बन्धी बिभिन्न ऐनहरु जस्तै जनस्वास्थ्य सेवा ऐन २०७५, स्वास्थ्य बिमा सम्बन्धी ऐन २०७४, खोप ऐन २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सामाजिक सुरक्षा ऐन २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ इत्यादि, विभिन्न नियमावली तथा बिगतमा लागु गरिएका स्वास्थ्य सेवा सम्बन्धी बिभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरूले निर्दिष्ट गरेका स्वास्थ्य सेवाहरू नगरपालिकाबाट प्रवाह गर्न यस नीतिको प्रभाबकारी रुपले कार्यान्वयनको व्यवस्था गरिनेछ ।

## १५. वित्तीय श्रोत

यस नीति कार्यान्वयनका लागि बनाइने योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक श्रोतको व्यवस्था नगरपालिकाबाट गरिनेछ ।

१५.१ नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम, तथा निजी क्षेत्रको लगानी नै समग्रमा यस नगर स्वास्थ्य नीति कार्यान्वयनका मुख्य आधार हुनेछ ।

१५.२ नगरपालिकाले स्वास्थ्य कार्यक्रमको वार्षिक कार्य योजना अनुसार खर्च व्यवस्थापन गर्ने र नेपाल सरकारको प्रचलित आर्थिक नियम कानुन बमोजिम आय व्ययको नियमित लेखा  परीक्षण गर्ने गराउनेछ ।

## १६. अनुगमन तथा मूल्यांकन

गोदावरी नगरपालिका

१६.१ नगरपालिका भित्र सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरू नियमित रूपले अनुगमन र मूल्याङ्कन गरिने व्यवस्था गर्न चुस्त र प्रभावकारी संयन्त्रको बनाई कार्यान्वयनमा ल्याईने छ ।

१६.२ नगरपालिकाको योजना शाखा तथा स्वास्थ्य शाखाले तयार गरेको अनुगमन तथा मूल्याङ्कन ढाँचा लाई समय अनुकुल परिमार्जन तथा परिस्कृत बनाउँदै नगरपालिकाभित्र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ ।

१६.३ बिद्युतीय माध्यम मार्फत प्रतिवेदन गर्ने प्रणाली (e-reporting) को विकास गरी निरन्तरता दिइनेछ । नियमित रुपमा तथ्यांकको गुणस्तर आंकलन (Routine Data Quality Assessment) गरी तथ्याङ्कको गुणस्तरमा सुधार ल्याइनेछ ।

१६.४ नीति कार्यान्वयनको आवधिक मूल्यांकन गर्दै मूल्यांकनबाट प्राप्त नतिजाका आधारमा नीतिलाई आवश्यक परिमार्जन गर्दै लगिनेछ ।

**१७. अनुसन्धान, सिकाइ तथा आविष्कार**

१७.१ नगरपालिकाको स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ ।

१७.२ अनुसन्धानबाट प्राप्त नतिजालाई नगरपालिकाको योजना तर्जुमा गर्दा उपयोग गरिनेछ ।

**१८.जोखिम पक्ष**

प्रस्तावित नीतिको प्रयोगले प्रत्यक्ष रूपमा जोखिम बढाउने देखिँदैन । यद्यपि यस नीतिको कार्यान्वयन गर्दा हुन सक्ने सम्भाव्य जोखिमहरू तल उल्लेख गरिएको छ ।

१८.१ यस स्वास्थ्य नीतिमा उल्लेख गरे बमोजिम आवश्यक पर्ने आर्थिक, मानवीय तथा भौतिक श्रोतहरू उपलव्ध नहुने सम्भावना रहन्छ ।

१८.२ स्वास्थ्य क्षेत्र आँफैमा बहुपक्षिय सरोकारको विषय भएकोले संघिय सरकार, प्रदेश सरकार तथा सरोकारवाला निकायको सहयोग जुटाउन र समन्वय गर्ने तर्फ जोखिम रहेको छ ।

१८.३ पुर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राख्दा नगर स्वास्थ्य कार्यक्रम अन्तर्गत तयार गरिएका नीति, योजना तथा कार्यक्रमहरूले स्थानीय स्तरमा कम प्राथमिकता पाउने सम्भावना रहन्छ ।



गोदावरी नगरपालिका

१८.४ स्वास्थ्य क्षेत्रमा उपचारात्मक सेवालाई पहिलो प्राथमिकतामा राख्दा यस नीतिमा उल्लिखित प्रतिकारात्मक तथा प्रवर्धनतात्मक कार्यक्रमले कम प्राथमिकता पाउने सम्भावना रहन्छ।

१८.५ वर्तमान अवस्थामा तीन तहका सरकारहरुबिच समन्वयलाई हेर्दा नीति कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक कानुनी व्यवस्था समयमै गर्न नसक्ने सम्भावना रहन्छ।

१८.६ यस नीतिको कार्यान्वयनमा निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाको अपेक्षाकृत सहयोग, तत्परता तथा संलग्नता बढाउन निकै मेहेनत गर्नुपर्ने देखिन्छ।

गोदावरी नगरपालिका

# अनुसूची १

## नगर स्वास्थ्य नीतिका आधारहरू

- *नेपालको संविधान*
- *जनस्वास्थ्य सेवा ऐन, २०७५*
- *सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५*
- *सामाजिक सुरक्षा ऐन २०७५*
- *स्वास्थ्य बिमा सम्बन्धी ऐन, २०७४*
- *स्थानीय सरकार सञ्चालन ऐन, २०७४*
- *राष्टिय स्वास्थ्य नीति, २०७६*
- *खोप ऐन, २०७२*
- *गोदावरी नगरपालिकाको एम्बुलेन्स सेवा संचालन निर्देशिका, २०७५*
- *गोदावरी नगरपालिका विपद् जाखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५*
- *स्वास्थ्य पार्श्व चित्र, गोदावरी नगरपालिका, कैलाली, २०७५*
- दिगो विकासका लक्ष्यहरु

गोदावरी नगरपालिका

# अनुसूची २

**नगर स्वास्थ्य नीति बिकास प्रकृया**

- राष्ट्रिय दस्तावेजहरूको अध्ययन
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पदाधिकारीहरूसंग छलफल
- नगरपालिकाका उपलब्ध सामग्रीहरूको अध्ययन
- नगरपालिकाका विभिन्न पदाधिकारीहरूसंग छलफल
- समुदायसंग अन्तरक्रिया
- विभिन्न अस्पतालहरुसंग छलफल
- परामर्श बैठक
- कार्य समितिमा प्रस्तुति

गोदावरी नगरपालिका

# अनुसूची २

गोदावरी नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरु

| **वडा नं** | **साबिकगाबिस तथानपा** | **जनसंख्या** | **बिद्यमान स्वास्थ्य संस्थाहरु** | **अन्य स्वास्थ्य संस्थाहरु** |
|---|---|---|---|---|
| १ | गोदावरी नगरपालिका | १७२३ | | पद्मा अस्पताल, सामुदायिक अस्पताल, ग्वासी पोलिक्लिनिक |
| २ | गोदावरी | १६६२ | | सेवा नसिंग होम, पि. डी पोलिक्लिनिक |
| ३ | गोदावरी | १५१९ | मालाखेती अस्पताल | |
| ४ | गोदावरी | १३९० | शहरी स्वास्थ्य केन्द्र | |
| ५ | गोदावरी | १०७५ | गेटा स्वास्थ्य चौकी | गेटा आंखा अस्पताल |
| ६ | गोदावरी | ११८७ | | |
| ७ | गोदावरी | ८८७ | शहरी स्वास्थ्य केन्द्र | |
| ८ | गोदावरी | १२४६ | बडेहा स्वास्थ्य चौकी | |
| ९ | गोदावरी | १०९८ | बेलादेवीपुर स्वास्थ्य चौकी | |
| १० | गोदावरी | ११६५ | शहरी स्वास्थ्य केन्द्र | |
| ११ | गोदावरी | ९६१ | गोदावरीस्वास्थ्य चौकी | |
| १२ | गोदावरी | १००३ | शहरी स्वास्थ्य केन्द्र | |

आज्ञाले
नाम : खेमराज विष्ट
पद : प्रमुख प्रशासकिय अधिकृत

गोदावरी नगरपालिका